अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८१।१२।२१ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी देवराज चौलागाईसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट **प्रतिवादी तत्कालीन प्रमुख प्रशासकीय अधिकृत देवराज चौलागाई, इन्जिनियर अमित कुमार ठाकुर** समेतका प्रतिवादीहरु उपर आ.ब. २०७६।०७७ मा जिल्ला मकवानपुर, मनहरी गाउँपालिका वडा नं ६ स्थित लोथर-हाङ्गलाङ्ग-फरीवाङ्ग-पाङ्गथली सडक स्तरोन्नति गर्ने कार्यमा भएको काम भन्दा बढी रकम भुक्तानी गरेकोले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) को कसुरमा बिगो रु.३,९१,९२९।७१ कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम सजाय हुन विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०५।३० को फैसलाबाट सफाई दिएकोमा उपरोक्त फैसलाउपर मिति २०८१।१२।२१ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल